फलेवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत
गण्डकी प्रदेश, नेपाल
फोन नं.: ०६७-४३०१०२, १०३, १०४

प.सं.: ०७८/७९
च.नं.: ५८३

मिति : २०७८/०८/०२

## सूचना ! सूचना ! सूचना !

यस नगरपालिका भित्रका नागरिकहरुलाई सहज, सरल, मितव्ययी, भरपर्दो, नियमित रुपमा गुणास्तरिय यातायातको पहुँच स्थापित गर्ने तथा नागरिकको कष्ट र जोखिमयुक्त यात्रालाई न्यूनिकरण गर्ने अटोरिक्सा संचालन गरी व्यवस्थीत गर्ने निर्णयानुसार नगरवाट **३० प्रतिशत अनुदान** व्यहोर्ने गरी अटो रिक्सा अनुदान वितरण, संचालन तथा व्यवस्थापन गर्न लागिएकोले यो सूचना सम्वन्धित सवैको जानकारीको लागि प्रकाशित गरिएको छ । ईच्छुक नागरिक, सहकारी र कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आवेदन दिनु हुन सूचित गरिएको छ ।

**शर्तहरु :**

(१) अनुदान प्राप्त गर्नका लागि पालना गर्नुपर्ने विषयहरु ।

(क) फलेवास नगरपालिकाको नागरिक भएको, (फलेवास नगरपालिका भित्र वसोवास गर्ने)

(ख) विपन्न तथा वेरोजगार नागरिक भएको,

(ग) कम्तीमा ५ वर्ष सम्म अटो रिक्सा संचालन गर्नु पर्ने,

(घ) कम्तीमा ५ वर्ष सम्म अटो रिक्सा विकी वितरण गर्न नपाइने,

(ङ) अटो रिक्सा धनी स्वयम सँग सवारी चालक अनुमति पत्र भएकोलाई प्राथमिकता दिइनेछ ।

(च) सहकारी/कम्पनी

(२) कम्तीमा ५ वर्ष सम्म अटो रिक्सा संचालन नगरेमा र ५ वर्ष अघि अटो रिक्सा विकी वितरण गरेमा नगरपालिकावाट दिइएको अनुदानमा वार्षिक १०% हर्जना समेत जोडी अनुदान रकम फिर्ता गर्नुपर्नेछ । यदि फिर्ता नगरेमा नगरपालिकाले सरकारी वाँकी सरह असुल उपर गर्नेछ ।

(३) नगरपालिकावाट दिइने अनुदान रकम र सख्या :
(क) संख्या : **सात (७)**
(ख) प्रति अटो वढीमा आठ लाख रुपैयाँको **३०%** ले हुन आउने रकम अनुदान दिइनेछ ।

(४) अनुदान प्राप्त गर्न फलेवास भित्रका नागरिक, सहकारी, कम्पनी आदिले आवेदन् दिन सक्नेछन् ।

(५) अटो रिक्सा अनुदान वितरण गर्दा अवलम्वन गरिने प्राथमिकता देहाय वमोजिम रहने छ ।
(क) नेपाल सरकारले प्राथमिकतामा राखेको वर्ग, वेरोजगार नागरिक, विपन्न परिवार
(ख) सहकारी/कम्पनी

(६) ४१० सि.सि, र ७ सिट क्षमता भन्दा वढी भएको पेट्रोल इन्जिन युक्त अटो हुनुपर्ने ।

(७) नगरपालिकाले निर्धारण गरेको रुट र भाडा दरमा संचालन गर्ने प्रतिवद्धता पत्र ।

(८) फलेवास नगरपालिकाको अटो रिक्सा अनुदान वितरण, संचालन तथा व्यवस्थापन कार्यविधि वमोजिम हुनेछ ।

२०७८/०८/०२